पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४५ प्रमाणित मिति: २०७७ कार्तिक ०४ गते

## भाग २

**पोखरा महानगरपालिका**

## नगर कार्यपालिका ४२ औं बैठकका नक्शा पास भवन निर्माण तथा सडक सम्बन्धी मापदण्ड संशोधन सम्बन्धमा सम्बन्धित सुचना सार्वजनिक जानकारीको लागि प्रकाशित गरिएको

## विभिन्न निर्णयहरु

**निर्णय नं. ८. नक्शा पास भवन निर्माण तथा सडक सम्बन्धी मापदण्ड संशोधन सम्बन्धमा :**

(क) पोखरा महानगरपालिका क्षेत्रभित्र सामुहिक बस्ति विकास Housing निर्माण गर्दा घर निर्माण गर्ने एयित को क्षेत्रफल जोडेर बनाउने घरहरु (Row Housing) को हकमा कम्तिमा ०-३-०-० तीन आना र छुटाछुटै घरहरु (Separate or Individual Housing) को हकमा ०-४-०-० चार आनामा कित्ताकाट गर्न स्वीकृति प्रदान गर्ने ।

(ख) पोखरा वडा नं. ६ र १८ हल्लनचोक देखी पामे जाने सडकको खहरे क्षेत्रमा (गैह्रको चौतारा सम्म) तालको सीमाबाट ६५ मिटर क्षेत्र कटार बाँकी क्षेत्रमा नक्सा अभिलेखीकरण गर्न स्वीकृति दिएको, उक्त स्थानको ८० प्रतिशत ज्यादा क्षेत्रमा संरचनाहरु बनी सकेको, तथा भौगोलिक रुपमा पनि उक्त क्षेत्र सिमसार प्रकृतिका नभएकोले, व्यक्तिको जग्गा बर्षौ वर्ष पूर्ण भोगचलनमा बन्देज गर्नु उचित समेत नहुने तथा विना स्वीकृति निर्माण गरेमा अभिलेखीकरण गरिने तर नयाँ नक्सा दर्ता तथा स्वीकृति रोक्ने कार्यले अनियमित निर्माण कार्यलाई प्रोत्साहन दिएको देखिएकोले यसलाई पुनविचार गर्न सकिने भनी प्राविधिक समितिबाट प्राप्त परामर्श समेत अध्ययन गरी उक्त चार किल्ला क्षेत्रमा नयाँ नक्सा दर्ता तथा स्वीकृति खुला गर्ने ।

(ग) तत्कालिन पोखरा लेखनाथ महानगरपालिकाको भवन तथा पूर्वाधार सम्बन्धी गठित समिति, २०७५ को सिफारिस अनुसार पोखरा महानगरपालिका वडा नं. १६ मा महेन्द्रगुफाले चर्चेको भाग/पर्खालले घेरीएको क्षेत्रभित्र कुनै

पनि भौतिक संरचना निर्माण गर्न नपाईने र गुफाको सीमा पर्खाल बाहिर विद्यमान मापदण्ड, सडकको केन्द्र बाट ७.५ मिटर र सेटब्याक कायम गर्ने निर्णय गरियो ।

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**